- चालु आर्थिक बर्षमा वडा नं ३ रजवारामा ४० लाखको वडा कार्यालय भवनको निर्माण सम्पन्न सँगै ७ वटा वडामा वडा भवन निर्माण कार्य सम्पन्न गरिएको छ। साथै जिल्ला समन्वय समिति प्यूठानसँगको लागत साझेदारीमा यसै आ.व. मा सवै वडाहरुको थप मर्मत सुधार तथा व्यवस्थापनको काम सम्पन्न भएको छ। जसमा जिल्ला समन्वय समिति प्यूठानबाट ५० लाख र गाउँपालिकाबाट ८३ लाख २५ हजार वजेट खर्च भएको छ। यससँगै गाउँपालिकाका सवै वडा कार्यालय व्यवस्थित सुविधासम्पन्न भवनमा संचालन भइरहेका छन्।
- गाउँपालिकाको केन्द्र लिवासेमा निर्माण हुने सभाहल १९८ सहभागी अट्ने कन्क्रिट शैलीको सुविधा सम्पन्न भइसकेको छ। भुँइतलालाई सभाहलको रुपमा प्रयोग गरी माथिल्लो तला थपेर गाउँ कार्यपालिकाको कार्यालय संचालन गर्ने गरी यसको निर्माण गरिएको छ। यसको निर्माणमा रु २ करोड १२ लाख खर्च गरिएको छ।
- विद्यालयको भौतिक पुर्वाधारतर्फ बाल सुधार प्रा.वि. अर्खामा २ कोठे, रातामाटा प्रा.वि अर्खामा ३ कोठे , सयपत्रि प्रा वि अर्खामा ३ कोठे, खरा माविमा ३ कोठे पक्कि , जनजिवन प्रा.वि पुजामा २ कोठे, भुमेकाथान प्रा.वि नारिकोटमा २ कोठे पक्कि, भानु प्रावि खुङ्गमा २ कोठे, जनसहयोगी आवि खुङ्गमा २ कोठे पक्की, गौमुखी मावि ३ कोठे गरी जम्मा ९ वटा विद्यालयका भवन निर्माणको लागि एक करोड चार लाख बजेटमा खर्च भइ सो निर्माण कार्य सम्पन्न गरिएको छ। साथै सातवटा विद्यालयहरुमा रु २२ लाख बजेटबाट मर्मत सुधारका योजना सम्पन्न गरिएको छ। यसबाट शैक्षिक क्रियाकलाप संचालन गर्न सहयोग पुग्नुका साथै शैक्षिक वातावरण समेत सुधार हुनेछ। साथै सशर्त अनुदान तर्फ प्राप्त ६६ लाख ४४ हजार रुपैंया पिसिएफ अनुदानमा गाउँपालिकाको तर्फबाट थप १९ लाख खर्च भएको छ। साथै यस वर्ष गाउँपालिकाभरिका सम्पुर्ण विद्यालयहरुमा कक्षा ५ सम्मका वालबालिकाहरुलाइ दिवा खाजा कार्यक्रम राखिएको छ। यसबाट विद्यालयमा विद्यार्थीको उपस्थितिमा सुधार आएको प्रतिकृया प्राप्त भएको छ ।
- विकासको मुल आधार बाटो हो।यसले बस्तु तथा सेवाको कारोबारमा सहजता पुर्याउनुको साथै बस्तीहरुबीचको दुरी घटाउन सहयोग गर्दछ।यस आर्थिक बर्षमा ४ वटा ठुला नयाँ बाटो निर्माण सम्पन्न गरिएको छ। प्रदेश सरकारबाट कुल १ करोड ५० लाख समपुरक अनुदान र १ करोड ५० लाख गाउँपालिकाको अनुदान साथै २० प्रतिशत लागत सहभागितामा सम्पन्न गरिएको छ। नारिकोट वडा कार्यालय जोड्ने मोटरबाटो, गौमुखी जोड्ने मोटरबाटो र खुङ्ग देखी तारेभिर हुँदै नारिकोट जाने मोटरबाटो सम्पन्न लगाएत ४१ वटा बाटो मर्मत तथा नयाँ ट्र्याक निर्माणको कार्य सम्पन्न गरिएको छ। यसले यातायातको सुविधामा थप टेवा पुगेको छ।
- यस आवमा खानेपानी तथा सरसफाइ तर्फ भौतिक पुर्वाधार मन्त्रालयको साझेदारीमा खानेपानी तथा सरसफाइ स्वच्छता योजना निर्माणको चरणमा रहेको छ। जसअन्तर्गत गाउँपालिकास्तरीय तथा वडापालिकास्तरीय खानेपानी तथा सरसफाइ समन्वय समिति गठन भइ वास सम्बन्धी अभिमुखिकरण सम्पन्न गरिएको छ । सङ्गसँगै वडास्तरमा प्रत्येक वडामा २/२ जनाका दरले गणकहरु मार्फत खानेपानी तथा सरसफाइ सम्बन्धी तथ्याँक लिने काम सम्पन्न गरिएको छ। यसपछि गाउँपालिकाको खानेपानी तथा सरसफाइको योजना तयार भइ आगामी वर्षको लागि मार्गचित्र प्रदान गर्नेछ।
- गाउँपालिकाभित्र सबै वडामा भरपर्दो दिगो तथा सुविधासम्पन्न सडक सञ्जाल विस्तारको लागि गाउँपालिका भित्र सडक गुरुयोजना निर्माण कार्य सम्पन्न भइसकेको छ । जसले गर्दा आगामी दिनहरुमा योजना माग गर्दा सहज हुनेछ ।
- गौमुखी गाउँपालिका वडा नं ४ स्थित लिवासे पुजा सेवा केन्द्रसँगै जोडिएको क्षेत्रमा ३ रोपनी जग्गा गौमुखी गाउँपालिकाको नाममा प्राप्त भएको छ। यसैगरी गौमुखी गाउँपालिका वडा न ३ रजवारामा करिव २ रोपनी जग्गा प्राप्त भएको छ। जसले गर्दा सार्वजनिक सम्पत्तिमा वृद्धि भइ भविष्यमा बन्ने संरचना निर्माणका लागि सहज हुनेछ।

- गौमुखी गाउँपालिकाको गहना ऐतिहासिक धार्मिक तिर्थस्थल गौमुखीको प्रचार -प्रसार गरी पर्यटन प्रर्वद्धन गर्न एवम भ्रमण वर्ष २०२० सफल पार्ने योजनाका साथ गौमुखी गाउँपालिकास्तरीय पर्यटन प्रवर्धन समिति गठन भएको थियो। जसले प्युठान जिल्लाकै भ्रमण वर्ष २०२० शुभारम्भ कार्यक्रम गौमुखीमा माघ १ गते सम्पन्न गरेको छ।जसबाट गौमुखी गाउँपालिकामा राजश्वको रुपमा एक लाख ४० हजार आम्दानी भएको छ।यस कार्यक्रमले थप आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउनमा महत्वपुर्ण सहयोग गरेको छ।यसैलाइ मध्यनजर गर्दै गौमुखी पदमार्ग निर्माण एवम रेलिङ्ग लगाउने कार्य सम्पन्न गरिएको छ। जसको लागत रु १२ लाख रहेको छ।
- स्वास्थ्य क्षेत्रमा गाउँपालिकाका ठुलाचौर अर्खा, ढाँडखानी रजवारा, बाग्लिवाङ्ग र खलाचौर पुजामा गरी ४ वटा सामुदायीक स्वास्थ्य केन्द्र स्थापना गरी स्वास्थ्य सेवाको पहुँचमा वृद्धि गरिएको छ। जसमा ४ जना अ हे व एवम ४ जना अनमीले स्वास्थ्य सेवा सञ्चालन गरिरहेका छन् । साथै अर्खामा आधारभुत स्वास्थ्य सेवा केन्द्र स्थापना गरिएको छ । प्रदेश सरकारको विशेष अनुदान अन्तर्गत पुजा खुङ्ग र नारिकोटमा गाउँघर क्लिनिकको भौतिक पुर्वाधार निर्माणको लागि १५ लाख बराबर रकम विनियोजित भइ कार्यान्वियनको प्रकृयामा सम्पन्न गरिएको छ। शुरुमा पुजा स्वास्थ्य चौकिमा निरन्तर अन्तरालमा चिकित्सकिय सेवा प्रदान गर्ने कार्य प्रारम्भ गरिए सँगै हाल उक्त सेवालाइ पूर्णकालिन रुपमा निरन्तरता दिनको लागी एमविविएस चिकित्सकलाइ व्यवस्थापन गरिएको छ। यसबाट नियमित सेवा प्रदान हुनुका साथै महामारीको रुपमा फैलिएको कोभिड १९ रोगको उपचारमा समेत सहयोग हुनेछ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत बेरोजगारहरुको तथ्याङ्क संकलन गर्ने र ७६५ जनाको अनलाइन प्रविष्टी गर्ने काम सम्पन्न भएको छ। ५९ वटा कुल आयोजना केन्द्रमा पठाइएकोमा हालसम्म ५७ वटा योजना छनौट भएका मध्ये ७ वटा वडामा १७ वटा योजना संचालन गरिएको छ। यसबाट ७६५ जनालाइ ६ दिनको रोजगार सृजना गरिएको छ।यसमा २१ लाख रकम खर्च भएको छ।
- यस वर्ष पञ्जिकरणलाइ व्यवस्थित गर्न सेवा केन्द्र स्थापना भइ ३ जना कर्मचारीहरु छनौट भइ कार्य संचालन भएको अवस्था छ। यसले पञ्जिकरण सम्बन्धी प्रकृयालाइ सरल र सुव्यवस्थित बनाएको छ। यस चालु आ.व. मा नयाँ थप सँख्या १७६ रहेका छन भने ६७८ को लगत कट्टा गर्ने काम भएको छ।
- गाउँपालिकाको कृषि तथा पशु सेवा क्षेत्रमा कृषि समुह मार्फत प्रत्येक वडामा १४० जना कृषकलाइ ८ हप्ते कुखुराको चल्ला तथा दाना वितरण गरिएको छ। प्रत्येक वडामा एक दिने कुखुरा पालन सम्बन्धी तालिम सञ्चालन गरिएको छ। गौमुखी गापा वडा नं ३, ६ मा पशु स्वास्थ्य शिविर सञ्चालन गरिएको छ ।नश्ल सुधारको लागि उन्नत जातको बोका ७ वटा वडामा वितरण गरिएको छ।
- सात वटै वडामा ४२ जना कृषकलाइ प्लाष्टीक टनेल तथा थोपा सिचाइ सेट, २५०० जनालाइ कागती र सुन्तलाको विरुवा, मागमा आधारित स्वरोजगार कार्यक्रम अन्तर्गत ४० जना कृषकलाइ अनुदान प्रदान गरिएको छ।आकष्मिक बाली संरक्षण कोष मार्फत ११०० जना कृषकलाइ मकैको विउ वितरण गरिएको छ।७५ प्रतिशत अनुदानमा कृषी सामग्रीहरु वितरण गर्ने प्रक्रियामा रहेको छ।साथै मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रम अन्तर्गत ७ वटै वडाका उत्कृष्ट कृषकलाइ सम्मान तथा कृषी सामग्री वितरण गरिएको छ।
- यसैगरी गाउँपालिकाले ८ दिने न्यायीक समिति तथा मेलमिलापकर्तालाइ मेलमिलाप सम्बन्धी आधारभूत तालिम सम्पन्न गरिएको छ। यसैगरी यस आव मा कुल २१ वटा न्यायीक समिति मार्फत विवाद निरुपण भएको छ। यस्तै अन्य वडामा जम्मा ४५ वटा विवाद मेलमिलापकर्ता मार्फत निरुपण भइसकेको छ। साथै गाउँपालिकाको राजपत्र प्रकाशन गरिएको छ।
- साथै विश्वभर फैलिएको कोरोना भाइरसको महामारीबाट नेपाल पनि अछुतो रहन सकेन। गत चैत्रदेखी शुरु भएको बन्दाबन्दीले हाम्रो गाउँपालिकाबाट प्रदान हुने सेवा सुविधा र योजना संचालनमा धेरै नै समस्या पारेको छ।यसको निरन्तरता कहिलेसम्म हो भन्न सकिने अवस्था छैन्।तथापी यसै चुनौतिको सामना गर्दै आवश्यकिय

